दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १५१ | बुटवल | २०८३ जेठ १८ गते, सोमबार | नेपाल संवत ११४६ | Monday Jun 01, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**


# नेपालले भारतको सीमा मिचेको भन्ने प्रधानमन्त्रीको अभिव्यक्तिको चौतर्फी आलोचना र विरोध

**सीमाविद्हरुले प्रधानमन्त्रीको अभिव्यक्तिप्रति खेद व्यक्त गर्दै माफी मागन माग गरेका छन् भने विपक्षी दल र परराष्ट्रविद्हरुले आफ्नो राष्ट्रविरुद्धको गैर जिम्मेवार अभिव्यक्ति भन्दै कडा विरोध जनाएका छन्।**

**लुम्बिनी संवाददाता**

*बुटवल*

प्रधानमन्त्री बालेन शाहले नेपालले भारतको सीमा मिचेको भन्दै दिएको अभिव्यक्तिप्रति सीमाविद्हरूले खेद व्यक्त गरेका छन् भने विपक्षी दल र परराष्ट्रविद्हरुले आफ्नो राष्ट्रविरुद्धको गैर जिम्मेवार अभिव्यक्ति भन्दै कडा विरोध जनाएका छन्।

प्रधानमन्त्री शाहले प्रतिनिधिसभा बैठकमा सम्बोधन गर्ने क्रममा नेपालले पनि भारतको सीमा मिचेको र आफू प्रधानमन्त्री भएपछि त्यसबारे जानकारी पाएको बताएका थिए। 'म प्रधानमन्त्री भएपछि थाहा पाएको भारतले मात्र होइन नेपालले पनि भारतको जग्गा मिचेको रहेछ,' प्रधानमन्त्री शाहले भनेका थिए-'यो विषयमा दुईपक्ष बसेर हेर्नुपर्नेछ।'

प्रधानमन्त्रीको यस्तो अभिव्यक्तिपछि विपक्षीहरूले नियमापत्ति गर्दै संसद वैठकमा अवरोध गरेका थिए। नेकपा एमालेले प्रधानमन्त्री शाहको उक्त अभिव्यक्ति संसद्को रेकर्डबाट हटाउन माग गरेको छ। संसद नियमावलीअनुसार प्रधानमन्त्रीले प्रत्येक महिनाको पहिलो हप्ताको कुनै एक दिन सांसदहरूका लिखित प्रश्नको जवाफ दिनुपर्छ। तर, यो नियम विपरीत प्रधानमन्त्री बालेन्द्र शाह आकस्मिक रूपमा संसद बैठक आएर केही सांसदहरूलाई जवाफ दिए।

न सांसदहरूसँग प्रश्न तयार थियो, नत प्रधानमन्त्रीसँग जवाफ। नियमावलीअनुसार प्रधानमन्त्री उपस्थित हुनेभन्दा तीन दिनअगाडि नै सांसदहरूले लिखित प्रश्न बुझाउनुपर्थ्यो। त्यस बमोजिम प्रधानमन्त्रीले पनि जवाफका लागि समय पाउँथे। प्रधानमन्त्रीको सचिवालयले लिखित जवाफ नै प्रधानमन्त्रीलाई दिने अभ्यास थियो।

प्रधानमन्त्रीले संसद नियमावली मिचेर संसदलाई जानकारी नदिई विना तयारी एक्कासी संसदमा आएर बोल्दा नेपालले पनि भारतको सीमा मिचेको भनेपछि संसदमा हंगामा मच्चिएको हो।

प्रधानमन्त्रीको अभिव्यक्तिमाथि सबैभन्दा पहिले कांग्रेसकी सचेतक बासना थापाले विरोध गरेकी थिइन्। उनले प्रधानमन्त्रीको अभिव्यक्ति पुष्टि गर्न वा संसदको रेकर्डबाट हटाउन माग गरिन्। अनि मात्रै, प्रतिपक्षी खेमाको होस खुल्यो। उनीपछि नेकपाका रमेशकुमार मल्लले यो विषयलाई गम्भीररुपमा उठाए।

सीमाविद् बुद्धिनारायण श्रेष्ठ, प्राध्यापक डा. पीताम्बर शर्मा, प्राध्यापक डा. नरेन्द्र खनाल, डा. जगत भुसाल, अन्तर्राष्ट्रिय सीमाविद् प्रभाकर शर्मा र डा. द्वारिकानाथ ढुङ्गेलले खेद विज्ञप्ति जारी गर्दै प्रधानमन्त्रीको अभिव्यक्तिले आश्चर्यचकित बनाएको बताएका हुन्।

उनीहरूले प्रधानमन्त्रीले कुन आधारमा यस्तो धारणा व्यक्त गरेको हो स्पष्टीकरण पार्न भनेका छन्। 'आजसम्म नेपालले भारतको सीमा मिचेको भन्ने कुरा कुनै आधिकारिक निकायबाट सार्वजनिक रूपमा सुनिएको थिएन। यस्तो अभिव्यक्ति पहिलो पटक देशको कार्यकारी प्रमुख प्रधानमन्त्रीबाट नै सुन्न पाइयो,' वक्तव्यमा उल्लेख छ-'प्रधानमन्त्रीले कुन आधारमा यस्तो धारणा व्यक्त गर्नुभएको हो भन्नेबारे स्पष्ट जानकारी प्राप्त गर्न हामी इच्छुक छौं।'

वक्तव्यमा नेपाल-भारत संयुक्त सीमा आयोगले आफ्नो कार्यको करिब ९८ प्रतिशत हिस्सा सम्पन्न गरिसकेको जानकारी सार्वजनिक भइसकेको तर,



उक्त आयोग वा अन्य कुनै आधिकारिक निकायबाट नेपालले भारतको सीमा अतिक्रमण गरेको भन्ने निष्कर्ष सार्वजनिक नभएको उल्लेख छ। उनीहरूले बरु महाकाली नदीको मुहान तथा सुस्ता क्षेत्रसँग सम्बन्धित सीमाविवादका विषयहरू अझै समाधान हुन बाँकी रहेको तथ्य सार्वजनिक रूपमा स्थापित रहेको भनेका छन्।

'राष्ट्रको सार्वभौमिकता, भौगोलिक अखण्डता तथा सीमा सम्बन्धी विषय अत्यन्त संवेदनशील र राष्ट्रिय महत्वका विषय हुन्। यस्ता विषयमा तथ्य र प्रमाणका आधारमा मात्र बोलिनु आवश्यक हुन्छ,' उनीहरूले भनेका छन्-'साथै, प्रधानमन्त्रीलाई नेपाल सरकारले आफ्नो अद्यावधिक राजनीतिक तथा प्रशासनिक नक्सासमेत जारी गरिसकेको तथ्य स्मरण गराउन चाहन्छौं।' यस परिस्थितिमा प्रधानमन्त्रीले भारतले मात्र होइन, नेपालले पनि भारतको सीमा मिचेको छ भन्ने अभिव्यक्ति के-कस्तो तथ्य, प्रमाणका आधारमा दिनुभएको हो भन्ने प्रश्न स्वाभाविक रूपमा उठेको छ। यस्ता अभिव्यक्तिले तथ्यमा आधारित स्पष्टता प्रदान गर्नुको सट्टा भ्रम सिर्जना गर्ने भएकाले हामी त्यसप्रति गम्भीर खेद व्यक्त गर्दछौं।' उनीहरूले प्रधानमन्त्रीले यसबारे सार्वजनिक रुपमा स्पष्टीकरण दिनुका साथै क्षमायाचनासमेत गर्नुपर्ने र संसद्को रेकर्डबाट प्रधानमन्त्रीको उक्त अभिव्यक्ति हटाउन पनि भनेका छन्।

'यसबाट आम नेपाली जनतामा उत्पन्न भएको भ्रम निवारणका लागि प्रधानमन्त्रीले सार्वजनिक रूपमा स्पष्टीकरण दिनुका साथै आफ्नो अभिव्यक्तिप्रति क्षमायाचनासमेत गर्नुपर्छ भन्ने हाम्रो धारणा छ,' उनीहरूले थप भनेका छन्-'यसका अतिरिक्त, प्रधानमन्त्रीबाट प्रतिनिधिसभामा व्यक्त उक्त गलत अभिव्यक्तिलाई प्रतिनिधि सभाको अभिलेख (रेकर्ड) बाट हटाउन सम्माननीय सभामुख समक्ष आग्रह गर्दछौं।'

नेपाली कांग्रेसका सचेतक निश्कल राईले प्रधानमन्त्री बालेन शाहले नेपालले पनि भारतको भूमि मिचेको छ भन्ने अभिव्यक्ति तथ्यहीन भएको टिप्पणी गरेका छन्। आइतबार संघीय संसद् भवन सिंहदरबार परिसरमा सञ्चारकर्मीहरूले राखेका जिज्ञासाको जवाफ दिने क्रममा उनले यस्तो बताएका हुन्।

सचेतक राईले सार्वभौम संसद्मा प्रधानमन्त्री शाहले बिना तथ्य कुरा गर्नु अशोभनीय भएको पनि बताए। उनले प्रधानमन्त्रीको राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनबारे पनि सुझबुझपूर्ण अभिव्यक्ति नदिएको भन्दै असन्तुष्टि व्यक्त गरे। राईले भने- 'नेपालले पनि भारतको सीमा मिचेको छ भन्नेकुरा कि त तथ्यसम्मत ढंगले भन्न सक्नु पर्‍यो। यो, यो ठाउँ भनेर भन्न सक्नु पर्‍यो। तर प्रधानमन्त्रीज्यूले सार्वभौमसत्ता सम्पन्न प्रतिनिधिहरू भएको ठाउँमा आएर हामीले पनि भारतको सीमा मिचेका छौ भनेर एक खालको तथ्यहिन कुरा गर्नु भयो। आपत्ति छ। मानव अधिकार आयोगबारे पनि प्रधानमन्त्रीको टिप्पणी सुझबुझपूर्ण छैन।' सचेतक राईले प्रधानमन्त्री शाहले संसद्मा उठेका प्रश्नको चित्तबुझ्दो जवाफ दिन नसकेको जिकीर पनि गरे।

नेकपा एमालेका नेता निरज आचार्यले प्रधानमन्त्री बालेन शाहले दिएको सीमा सम्बन्धी अभिव्यक्तिप्रति गम्भीर आपत्ति जनाएका छन्। एमाले प्रचार तथा प्रकाशन विभाग प्रमुख आचार्यले प्रधानमन्त्रीको भनाइलाई गैरजिम्मेवार, तथ्यहीन र राष्ट्रिय हितविपरीत रहेको बताएका हुन्। आचार्यले प्रधानमन्त्रीजस्तो जिम्मेवार पदमा रहेको व्यक्तिले संसद्को रोस्ट्रमबाट "नेपालले पनि अरूको सीमा मिचेको छ" भन्ने अभिव्यक्ति दिनु अत्यन्तै खेदजनक रहेको उल्लेख गरेका छन्।

उनका अनुसार ऐतिहासिक दस्तावेज, नक्सा र तथ्यहरूले नेपालको भूमि अतिक्रमणमा परेको विषयलाई स्पष्ट रूपमा देखाउने भएकाले प्रधानमन्त्रीको भनाइले भ्रम सिर्जना गरेको छ। उनले आफ्नो देशको भौगोलिक अखण्डता र सार्वभौमसत्ताको रक्षा गर्नुपर्ने जिम्मेवारीमा रहेको नेतृत्वबाट नेपाललाई नै दोषी देखाउने अभिव्यक्ति आउनु राष्ट्रिय हितमाथिको गम्भीर आघात भएको बताएका छन्।

उनले उक्त भनाइले सीमा सुरक्षामा खटिएका सुरक्षाकर्मी, इतिहास तथा सीमासम्बन्धी अध्ययन-अनुसन्धानमा संलग्न विज्ञहरू र आम नेपाली जनताको भावनामाथि चोट पुगेको उल्लेख गरेका छन्।

संवैधानिक कानूनविद् डा. भीमार्जुन आचार्यले नेपालले पनि भारतको सीमा मिचेको भन्दै प्रतिनिधिसभा बैठकमा दिएको अभिव्यक्ति अति नै असामान्य र गम्भीर भएको टिप्पणी गरेका छन्।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता भीम रावलले प्रधानमन्त्री बालेन शाहलाई एकछिन पनि पदमा बसिरहने नैतिक अधिकार नभएको बताएका छन्। सामाजिक सञ्जाल फेसबुकमार्फत् रावलले नेपालको भौगोलिक अखण्डताको रक्षा गर्ने कुरामा जोड दिनुको साटो नेपालले भारतको भूभाग मिचेको छ भन्ने झुटा कुरा संसद्मा गर्ने व्यक्तिलाई प्रधानमन्त्री पदमा एकछिन पनि बसिरहने नैतिक अधिकार नभएको बताएका हुन्।

प्रधानमन्त्री शाहले प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरूले राखेको प्रश्नको उत्तर दिने क्रममा नेपालले पनि भारतको भूमि मिचेको अभिव्यक्ति दिएका थिए। रावलले लेखेका छन्- 'आज २०८३ साल जेठ १७ गते नेपाल र नेपाली जनताको लागि एउटा विस्मयको दिन भएको छ। किनकि देशको सार्वभौमसत्ता अखण्डता र सुरक्षाको प्रमुख जिम्मेवारी बहन गर्नुपर्ने प्रधानमन्त्री बालेन्द्र शाहले "प्रधानमन्त्री भएपछि नेपालले भारतको जग्गा धेरै ठाउँमा मिचेको थाहा पाएँ" भन्ने जस्तो अत्यन्त आपत्तिजनक कुरा भन्नुभएछ।

» *बाँकी ३ पेजमा*

## विरोधमा मसाल जुलुस



बुटवल। नेकपा एमालेका युवा तथा विद्यार्थीहरूले प्रधानमन्त्री बालेन शाहको अभिव्यक्तिविरुद्ध काठमाडौंमा मशाल जुलुस निकालेका छन्।

प्रधानमन्त्री बालेन शाहले आइतबार सांसदहरूले उठाएका प्रश्नको जवाफ दिने क्रममा नेपालले पनि भारतको जमिन मिचेको भन्ने अभिव्यक्ति दिएका थिए।

एमाले निकट अनेरास्ववियु र राष्ट्रिय युवा संघ नेपालले प्रदर्शनीमार्गमा प्रधानमन्त्रीको अभिव्यक्तिको विरोधमा आइतबार साँझ मशाल जुलुस निकालेका हुन्।

उनीहरूले 'मेयर हुँदा ग्रेटर नेपाल, प्रधानमन्त्री हुँदा लम्पसारवाद, दोहोरो चरित्र बन्द गर', 'कुर्सीमा बसेर देशलाई लज्जित पार्न पाइँदैन, राष्ट्रघाती अभिव्यक्ति सहिँदैन'लगायतका प्लेकार्ड बोकेर प्रदर्शन गरेका हुन्।

## धवल शमशेरले छाडे राप्रपा

बुटवल। राप्रपाका नेता धवलशमशेर राणाले नयाँ अभियानको घोषणा गरेका छन्। आइतबार दिउँसो राप्रपाका असन्तुष्ट नेताहरू काठमाडौंको एक होटलमा छलफलमा जुटेका थिए।

छलफलपछि राणाले एक विज्ञप्ति जारी गरेका छन्। जहाँ उनले राप्रपाको आफ्नो पदबारे केही उल्लेख गरेका छैनन्।

उनले आफूहरूले देशमा विश्वसनीय राष्ट्रवादी शक्ति निर्माण गर्ने सदिच्छा लिएर आगामी बाटो तय गर्ने निश्चय गरेको विज्ञप्तिमार्फत् जानकारी गराएका छन्।

साथै, यही नयाँ अभियानमा सहभागी हुन पनि उनले आह्वान गरेका छन्।

'देशलाई माया गर्ने, देशको समृद्धी चाहने आम राष्ट्रवादी मित्रहरुलगायत नवयुवा पुस्तालाई समेत यही नयाँ अभियानमा सहभागी हुन आह्वान गर्दछु।'- राणाले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

राप्रपालाई जनभावनाअनुकूल अघि बढाउने प्रयास भए पनि त्यो सफल नभएको उनको स्वीकारोक्ति छ।

'राष्ट्रिय प्रजातन्त्र पार्टीलाई विगत चार वर्ष जनभावनाअनुकूल अघि बढाउने प्रयास गर्‍यौं। तर, विरोधाभाष र सैद्धान्तिक द्विविधाबिच गलत बाटोमा हिँड्ने हिँडाउने क्रमले राप्रपा जनताबाट दण्डित भयो,' राणाले भनेका छन्-'राप्रपामा आवद्ध साथीहरूलाई यही बाटो सही लाग्छ, त्यतै रहन शुभकामना छ, कुनै वैरभाव छैन।

होइन, स्वच्छ मन र आत्मीय सम्बन्ध निर्माण गरेर, हाम्रा मान्यताहरुलाई सही लक्ष्य दिने चाहना हो भने, एकजुट भएर अघि बढ्न सबै राष्ट्रवादी मित्रहरुलाई हार्दिक आह्वान गर्दछु।'

## भ्याटमा बहुदरबारे अर्थमन्त्रीले झुठ बोलेको पुष्टी

बुटवल। सरकारले मूल्य अभिवृद्धि कर (भ्याट) मा बहुदर लगाइएको सन्दर्भमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले झुट बोलेको पुष्टी भएको छ। सरकारले ल्याएको आर्थिक विधेयकको दफा ५५ मा स्पष्ट रूपमा बहुदर कार्यान्वयन गरेको छ। तर, अर्थमन्त्री वाग्लेले भने सरकारले बहुदर नलगाएको बरु अन्तर्राष्ट्रिय अभ्यास अनुसार विद्युत्मा घटाइएको दर (रिड्युस्ड दर) मा भ्याट लगाइएको दाबी गरे।

(विद्युत्मा) यसभन्दा माथि दर जाँदैन, राजपत्रमै सूचना प्रकाशित भएर बहुदर लागु भएको छैन,' उनले भने-'त्यसलाई हामी राम्रो समय लिएर प्रशासनिक क्षमताले त्यो भ्याउँछ कि भ्याउँदैन भनेर हेर्छौं।' अहिले बहुदरमा जाँदा 'डिस्टोर्सन' हुन्छ भनेर सुझाव दिएको पनि उनले बताए। 'तपाईंहरूले २-४ वर्ष काम गर्दा यो नआउला तर नीतिगत भ्रष्टाचार यसैबाट आउँछ, उपल्लो दरमा हुनुपर्ने वस्तु तल्लो दरमा ल्याउन दबाब हुन्छ, सकिन्छ भने एकल दरमै काम गरौं भन्ने छ।'- उनले भने। तर, केही संवेदनशील वस्तुमा गाह्रो हुने रहेछ भन्ने सरकारले सोचेको उनले बताए। 'जिरोमा राखौं, यत्रो करयोग्य क्षेत्र हो, १३ मा पुर्‍याउँ यत्रो अन्याय हुन्छ, यहाँ तीन प्रतिशतमा त यत्रो ह्यु एन्ड क्राइ छ, भनेपछि यो एउटा सम्झौता हो।'

१३ पुर्‍याउन नसकिने असाध्यै संवेदनशील वस्तुमा चाहिँ अहिले रिड्युस्ड भ्याट भनिएको उनको भनाइ छ। 'हामी औपचारिक रूपमा बहुदरमा गएका छैनौं र उचित अध्ययनविना जाँदैनौं पनि।'- उनले थपे। तर, उनले पत्रकार सम्मेलनमा बोलेको विषय र आर्थिक विधेयकमा उल्लेख विषय भने फरक छ। आर्थिक विधेयकको दफा ५५ को उपदफा १ मा मूल्य अभिवृद्धि कर ऐनको दफा ७ को उपदफा १ पछि उपदफा (१ क) र (१ ख) थप गरी भ्याटमा दोहोरो कर सुरुवात गरेको स्पष्ट देखिन्छ।

आर्थिक विधेयकमा भनिएको छ-'उपदफा १ र उपदफा (१क) मा जेसुकै कुरा उल्लेख भएता पनि बासिन्दा राइड सेयरिङ सेवा सञ्चालन गर्ने व्यक्ति (राइड सेयरिङ अपरेटर) बाट सञ्चालित प्ल्याटफर्ममा आबद्ध भई यातायात तथा ढुवानी सेवा प्रदान गर्ने व्यक्तिलाई कारोबार गरेको बखत राइड सेयरिङ सेवा सञ्चालन गर्ने व्यक्ति र अन्तिम उपभोक्तालाई विद्युत् सेवा प्रदान गर्ने व्यक्तिले कर लाग्ने मूल्यमा पाँच प्रतिशतका दरले कर निर्धारण गरी असुलउपर गर्नुपर्ने छ,' उपदफा १ खमा उल्लेख छ। अर्थमन्त्रीले भने जस्तै अत्यावश्यक वा सामाजिक वा सांस्कृतिक वस्तुमा भ्याट वा जीएसटीमा रिड्युस्ड वा डिस्काउन्टेड रेट लगाउने प्रचलन अन्तर्राष्ट्रिय रूपमा छ।

तर, आर्थिक विधेयकको दफा ५५ अनुसार विद्युत् सेवा र राइड सेयरिङमा अर्थमन्त्रीले भनेजस्तो रिड्युस्ड रेट होइन, ५ प्रतिशतको नयाँ दर नै सुरु गरिएको हो। त्यसो भए रिड्यस्ड रेट भनेको के हो त ? न्युजिल्यान्डको उदाहरण हेरौं-न्युजिल्यान्डमा स्ट्यान्डर्ड जीएसटीको दर १५ प्रतिशत छ। त्यहाँ कुनै पनि वस्तु तथा सेवामा फरक दरको भ्याट लगाइएकै छैन।

होटल, होस्टल वा अपार्टमेन्टमा बस्दा पनि त्यहाँ १५ प्रतिशत नै जीएसटी लाग्छ। तर, त्यहाँ एउटा अपवाद छ। तर, लामो अर्थात् २८ दिनभन्दा बढी एकै होटल वा अपार्टमेन्टमा बस्यो भने २९औं दिनदेखिको बिलमा भने स्ट्यान्डर्ड दरको ६० प्रतिशत मात्रै कर लिइन्छ। अर्थात्, ९ प्रतिशत मात्रै कर तिरे हुन्छ।

एउटै होटलमा कोही ४० दिन बस्यो भने २८ दिनसम्मको बिलमा उसले १५ प्रतिशत नै जीएसटी तिर्नुपर्छ। त्यसपछिको १२ दिनको बिलमा चाहिँ ९ प्रतिशत जीएसटी तिरे पुग्छ।

» *बाँकी ३ पेजमा*




## सम्पादकीय

# गैरजिम्मेवार प्रधानमन्त्री

प्रधानमन्त्री बालेन्द्र साहले नेपाल-भारत सीमासम्बन्धी विवादमा नेपालको सार्वभौमसत्ता कमजोर हुने गरी संसदमा बोलेको अभिव्यक्ति खेदजनक छ। सार्वभौम संसदमा जननिर्वाचित प्रधानमन्त्रीले दिएको अभिव्यक्तिले मुलुकको सार्वभौमसत्ताप्रति प्रहार गरेको छ, जनमतको अपमान गरेको छ।

संसदमा बोल्न र सांसदले सोधेका प्रश्नको उत्तर दिन तर्कदै हिंडेका प्रधानमन्त्री साह विपक्षी दलको निरन्तरको दबाबपछि आइतबार अकस्मात संसदमा उपस्थित भएर बोल्न तयार भए। पूर्व तयारीविना प्रधानमन्त्री संसदमा उपस्थित भएर बोल्ने विषय संसदको नियमावलीविरुद्ध हो नै, यसका लागि सभामुख जिम्मेवार छन्। तर उनले जुन विषय बोले, त्यसले नेपाललाई विवादमा पारेको मात्रै छैन, आगामी दिनमा नेपालको हात तल पर्ने जोखिम बढेको छ। पहिलो कुरा नेपाल भारतबिच सीमा विवाद खासगरी लिपुलेक-लिम्पियाधुरा विवादमा भारतसँग कुरा भइरहेको र भारतले जवाफ पठाएको जानकारी प्रधानमन्त्रीले संसदलाई दिए। दोस्रो नेपाल-भारत सीमा विवादमा बेलायतसँग पनि कुरा भइरहेको बताएर तेस्रो पक्षको सहभागिताको कुरा उठाए। तेस्रो नेपालले पनि भारतको सीमा मिचेको कुरा उठाए। संसदमा प्रधानमन्त्रीले भने-'तपाईंहरूलाई यो सुनेर आश्चर्य लाग्न सक्छ, मैले पनि भर्खर थाहा पाएँ। भारतले नेपालको मात्र होइन, नेपालले पनि भारतको सीमा मिचेको रहेछ। अब दुवैतर्फको विवाद संवादबाट हल गरिन्छ।' कुनै पनि देशको सरकारप्रमुखले सार्वभौम संसदको रोष्ट्रममा उभिएर छिमेकी देशको सीमा मिचेको अभिव्यक्ति दिनु गम्भीर प्रश्न हो। कुनै दस्ताबेज र रेकर्डमा नभएको विषयको सूचना प्रधानमन्त्रीलाई कसले दियो ? कुनै योजनाबद्ध ढंगले उठाइएको विषय हो वा हचुवाका भरमा बोलेको विषय हो ?

सन् १९८१ मा स्थापना गरिएको नेपाल-भारत संयुक्त प्राविधिकस्तर सीमा समितिले नेपाल-भारत सीमाको करिब ९८ प्रतिशत भागको सीमाङ्कन कार्य सफलतापूर्वक सम्पन्न गरेको थियो। तर समितिले दुई प्रमुख क्षेत्रलाई समाधान गर्न नसकी औपचारिक रूपमा विवादित क्षेत्रका रूपमा छोडेको थियो। ती थिए, कालापानी लिपुलेक, लिम्पियाधुरा र सुस्ता क्षेत्र। समितिले लगभग सम्पूर्ण सीमाक्षेत्र समेट्ने १८२ वटा स्ट्रिप नक्सा तयार गरेको थियो। तर यी विवादित क्षेत्रहरू अन्तिम सहमतिबाट बाहिर राखिएका थिए। बाँकी विवादहरू समाधान नभएसम्म नक्साहरू अनुमोदन नगर्ने अडान नेपालले सन् २००७ मा लिएको थियो, जबकि भारतले सहमति भइसकेका भागहरूलाई पहिले अनुमोदन गर्नुपर्ने धारणा राखेको थियो।

यो विवाद मुख्यतः सन् १८१६ को सुगौली सन्धि तथा नेपाल र भारतबिचको पश्चिमी सीमा निर्धारण गर्ने काली (महाकाली) नदीको वास्तविक उद्‌गमस्थल को व्याख्यासँग सम्बन्धित छ। काली नदीको वास्तविक उद्‌गम लिम्पियाधुरा हो, जबकि भारतले नदीको उद्‌गम कालापानी नजिकको पूर्वतर्फको स्रोतलाई मान्यता दिएको छ। यही भिन्न व्याख्याका कारण सीमा विवाद उत्पन्न भएको हो।

सुस्ता क्षेत्रको विवाद मुख्यतः गण्डक (नारायणी) नदीको धार समयक्रममा परिवर्तन हुनुका कारण उत्पन्न भएको हो। नेपालको धारणाअनुसार सीमा निर्धारण गर्दा सुगौली सन्धि भएको बेलाको नदीको मूल बहावलाई आधार मानिनुपर्छ। भारतको धारणा भने हालको नदी धाराको पूर्वतर्फ रहेको भूभाग भारतको हिस्सा हो भन्ने रहेको छ। मूलतः यी दुई ठाउँमा नेपाल-भारत सीमा विवादमा सहमति हुन सकेको छैन्।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति भारत भ्रमणमा जानु अघिल्लो दिन संसदको रोष्ट्रममा उभिएर दिएको अभिव्यक्ति नियोजित पनि हुनसक्छ। प्रधानमन्त्रीको यो अभिव्यक्तिप्रति संसदले खेदप्रस्ताव पारित गर्नुपर्छ प्रधानमन्त्रीको अभिव्यक्ति चाहिँ रेकर्डबाट हटाउनु अनिवार्य छ। अन्यथा यसले नेपालको वैदेशिक मामिलालाई यसले लामो समय तनाव दिइरहने छ। प्रधानमन्त्रीले माफी माग्नुपर्छ। प्रधानमन्त्रीले माफी नमागे सभामुखले माफी माग्नका लागि रूलिङ गर्नुपर्छ।

# किन खाने पुदिनाको अचार ?



पुदिनाको अचार स्वास्थ्यको लागि लाभदायी मानिन्छ। यसले शरीरलाई शितलता प्रदान गर्नुका साथै विभिन्न रोगहरुबाट बचाउँछ।

**पुदिनाको अचारका फाइदाहरु**

यसरी खानामा पुदिनाको अचार थप्दा स्वादमा बढवा दिन्छ। साथै शरीरलाई शितलता प्रदान गर्छ। पेट, त्वचा लगाएतको समस्यामा पनि पुदिनाको अचार लाभदायी छ। त्यस्तै प्रसवको समयमा पनि पुदिनाको अचारको सेवन गर्नु लाभदायी छ।

पुदिनाको पात पिसेर निधारमा लगाएमा टाउको दुख्ने समस्याबाट आराम पाइन्छ। पुदिना, तुलसी, अदुवा र कालीमोर्चालाई मिलाएर पानीमा उमाल्नुहोस्। जुन रस ग्यास्टिक समस्या भएकाले लगातार सेवन गर्दा जरैदेखि समस्या समाधान हुन्छ।

पुदिनाको पातको धुलोलाई चिनीसंग मिलाएर खाएमा पेट दुख्ने समस्या निको हुन्छ।

पुदिनाको ताजा रस सेवन गर्दा रुघाखोकी निको हुन्छ। ज्वरो आएको बेला पुदिना र तुलसीको पात पानीमा उमालेर सेवन गर्दा ज्वरो ठीक हुन्छ।

दाद, एलर्जी भएको ठाउँमा पुदिनाको पात पिसेर लेप लगाउँदा ठीक हुन्छ। पुदिनाको सेवनले खटाई लाग्ने समस्या पनि निको हुन्छ।

यसको सेवनले गर्मीमा लाग्ने लू बाट पनि राहात मिल्न सक्छ। यदि शरीरमा घाउ छ भने त्यहाँ पुदिनाको लेप लगाउँदा छिटो निको हुन्छ।

पुदिनाको पात पिसेर त्यसको लेप मुहारमा लगाउँदा पनि दाग, धब्बा निको हुनुका साथै मुहार चम्किलो पनि हुन्छ। यसको चटनी (अचार) बनाएर खाएमा पेटको सबै समस्या निको हुन्छ।

# उत्पादनमुखी र सन्तुलित बजेट : सिमान्तकृत समुदाय उपेक्षित, वित्त व्यवस्थान र ऋण भुक्तानीले कार्यान्वयनमा चुनौती !



ईन्द्रप्रसाद भुसाल




नेपाल सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तुत गरेको २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँ बराबरको बजेट केवल वार्षिक आय व्ययको सामान्य दस्ताबेज मात्र होइन। यो बजेट अर्थिक वर्ष २०८२/०८३ को तुलनामा २५% ले बढी छ। बदलिँदो विश्व अर्थतन्त्र, प्रविधिमैत्री शासन, प्रशासनिक पुनःसंरचना र उत्पादनमुखी विकासको दिशामा अघि बढ्ने राजनीतिक तथा आर्थिक दृष्टिकोणको अभिव्यक्ति सँगै सरकारले तय गरेका नीति तथा कार्यक्रम लाइ प्रभावकारी रूपमा अघि बढाउने गरि बजेट तयार भएको छ। अघिल्लो आर्थिक वर्ष २०८२/०८३ को बजेटसँग तुलना गर्दा यस वर्षको बजेटले परम्परागत संरचनाभन्दा केही फरक सोच, डिजिटल रूपान्तरण, निजी क्षेत्रसँगको सहकार्य तथा दीर्घकालीन आर्थिक सुधारको संकेत दिएको देखिन्छ। यद्यपि चालु खर्चको अत्यधिक भार, कमजोर कार्यान्वयन क्षमता, न्यून पुँजीगत खर्च र राजस्व सङ्कलनको दबाब यो वर्षको बजेटका प्रमुख चुनौतिहरू भएता पनि यस बजेटले नेपालको अर्थतन्त्रलाई उत्पादनमुखी, प्रविधिमैत्री र केही हदसम्म आत्मनिर्भर दिशातर्फ मोड्ने प्रयास गरेको देखिन्छ। बजेटले नेपाल सरकारको आगामी आर्थिक दिशा, प्रशासनिक सुधार, निजी क्षेत्रसँगको सहकार्य, प्रविधिमैत्री शासन र उत्पादनमुखी अर्थतन्त्र निर्माणको संकेत गर्छ। अर्थमन्त्रीले संघीय संसदमा प्रस्तुत गरेको बजेट केवल परम्परागत खर्च व्यवस्थापनमा सीमित नभई राज्यको संरचनागत सुधार, डिजिटल रूपान्तरण तथा आर्थिक पुनरुत्थानतर्फ केन्द्रित भएको देखिन्छ।

कुल बजेटमध्ये करिब ५९.८ प्रतिशत रकम चालु खर्चमा विनियोजन गरिएको छ भने पुँजीगत खर्च मात्र २०.३ प्रतिशत रहेको छ। यसले अझै पनि राज्यको ठूलो हिस्सा प्रशासन, तलब, भत्ता र सञ्चालनमै खर्च भइरहेको देखाउँछ। विकास निर्माण, उत्पादन, रोजगारी सिर्जना तथा पूर्वाधार विस्तारका लागि अपेक्षित रूपमा ठूलो रकम छुट्याउन नसक्नु दीर्घकालीन आर्थिक रूपान्तरणका लागि चुनौतीपूर्ण पक्ष हो। तर, अर्कोतर्फ सरकारले प्रशासनिक खर्च घटाउने, मन्त्रालयको संख्या २२ बाट १८ मा झार्ने, ३१ वटा निकाय खारेज गर्ने तथा अनावश्यक संरचना हटाउने घोषणा गर्नु सकारात्मक संकेत हो। यदि यी सुधार प्रभावकारी रूपमा कार्यान्वयन भए भने आगामी वर्षहरूमा चालु खर्च नियन्त्रणमा ल्याउन मद्दत पुग्न सक्छ।

आर्थिक वर्ष २०८२/०८३ को बजेटले कृषि, ऊर्जा, पर्यटन, पूर्वाधार र सामाजिक क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेको थियो। तत्कालिन सरकारको मुख्य उद्देश्य आर्थिक ढिलासुस्ति हटाउने, रोजगारी सिर्जना गर्ने र उत्पादन वृद्धि गर्ने थियो। तर २०८३/०८४ को बजेटले त्यसलाई अझ विस्तारित गर्दै संरचनागत सुधार र डिजिटल अर्थतन्त्रको अवधारणालाई अगाडि सार्दै शासन प्रणालिमा क्रमिक सुधार र आर्थिक रूपान्तरणको संकेत दिएको छ।

सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षालाई स्थानीय तहसम्म विस्तार गर्ने नीति लिनु सकारात्मक पक्ष हो। डिजिटल कलासरुम, सिकाइ उपलब्धिमा आधारित मूल्याङ्कन प्रणाली, अनुसन्धान तथा नवप्रवर्तनमा जोड र प्राविधिक शिक्षालाई रोजगारीसँग जोड्ने प्रयासले शिक्षा क्षेत्रलाई केवल प्रमाणपत्र उत्पादन गर्ने संरचनाबाट उत्पादनशील मानव स्रोत निर्माण गर्ने दिशामा लैजान सक्छ। कुनै पनि राष्ट्रको दीर्घकालीन समृद्धि विद्यालय र विश्वविद्यालयको स्तरबाट सुरु हुन्छ। दक्ष, सिर्जनशील र प्रविधिमैत्री युवा उत्पादन गर्न नसक्ने मुलुक आर्थिक रूपमा कहिल्यै आत्मनिर्भर बन्न सक्दैन। यही यथार्थलाई बुझ्दै सरकारले शिक्षा क्षेत्रमा बजेट वृद्धि गर्नु दूरदर्शी निर्णय मान्न सकिन्छ। सार्वजनिक विद्यालय सुधार, डिजिटल शिक्षाको विस्तार तथा प्रत्येक स्थानीय तहमा प्राविधिक शिक्षाको पहुँच विस्तार गर्ने नीति नेपालका ग्रामीण तथा निम्न आय भएका परिवारका युवाका लागि आशाको आधार बन्न सक्छ।

स्वास्थ्य क्षेत्रतर्फ पनि यस वर्षको बजेट अपेक्षाकृत सकारात्मक देखिन्छ। नेपालमा स्वास्थ्य सेवा सर्वसाधारणको पहुँच, गुणस्तर र खर्चका दृष्टिले चुनौतीपूर्ण अवस्थामै छ। राजधानी बाहिर विशेषज्ञ सेवा सीमित हुनु, ग्रामीण क्षेत्रमा चिकित्सक अभाव हुनु र जटिल उपचारका लागि विदेश जानुपर्ने बाध्यता अझै समाप्त भइसकेको छैन। यस्तो अवस्थामा स्वास्थ्य बीमा कार्यक्रमको पुनःसंरचना, संघीय तथा प्रादेशिक अस्पतालको स्तरोन्नति, जटिल रोगको उपचार स्वदेशमै गर्ने लक्ष्य तथा आधारभूत स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने सरकारको नीति महत्वपूर्ण मानिन्छ।

यो बजेटको सबैभन्दा आधुनिक र दूरदर्शी पक्ष कृत्रिम बुद्धिमत्ता (AI) र सूचना प्रविधिलाई दिइएको प्राथमिकता हो। नेपालमा पहिलो पटक सार्वभौम एआई कम्प्युट केन्द्र स्थापना गर्ने घोषणा भावी आर्थिक संरचनाको दिशा निर्धारण गर्ने कदम हो। आज विश्व अर्थतन्त्र तीव्र रूपमा डिजिटल अर्थतन्त्रतर्फ अघि बढिरहेको छ। उत्पादन, बैंकिङ, शिक्षा, स्वास्थ्य, सुरक्षा, सञ्चारदेखि प्रशासनसम्म कृत्रिम बुद्धिमत्ताको प्रभाव विस्तार भइरहेको अवस्थामा नेपालले पनि समयको मागलाई बुझ्दै एआईलाई राष्ट्रिय प्राथमिकतामा राख्नु महत्वपूर्ण उपलब्धि हो। नेपालजस्तो विकासोन्मुख मुलुकमा दीर्घकालीन समृद्धिको आधार केवल सडक, भवन र पुल लागायतका भौतिक पुर्वाधार मात्र नभै गुणस्तरीय मानव पुँजी पनि हो भन्ने सन्देश सरकारले यस बजेटमार्फत दिन खोजेको छ। हजारौँ एआई प्रोसेसिङ युनिट खरिद गरी स्टार्टअप र नवप्रवर्तनमा काम गर्ने युवालाई सहुलियत दिने नीति दक्षिण एशियाली सन्दर्भमै नवीन र महत्वाकांक्षी मान्न सकिन्छ। नेपालजस्तो सानो अर्थतन्त्र भएको मुलुकका लागि भौतिक उद्योगमा मात्र प्रतिस्पर्धा गर्नु कठिन हुन सक्छ, तर डिजिटल अर्थतन्त्र, सफ्टवेयर सेवा, रिमोट वर्क र एआई प्रविधिमा लगानीले नयाँ सम्भावना खोल्न सक्छ। नेपाल टेलिकमको केही सेयर बिक्री गरी टेक हब निर्माण गर्ने योजना तथा रिमोट वर्कलाई कानुनी मान्यता दिने तयारीले सरकार डिजिटल भविष्यप्रति गम्भीर देखिएको संकेत दिन्छ। अघिल्लो वर्षको बजेटमा पनि डिजिटल नेपाल र सूचना प्रविधिको चर्चा थियो, तर यस वर्ष त्यो अवधारणा अझ स्पष्ट, संरचनागत र व्यावहारिक रूपमा प्रस्तुत भएको देखिन्छ। यसले नेपाललाई केवल उपभोक्ता राष्ट्र नभई प्रविधिमा आधारित सेवा अर्थतन्त्रतर्फ लैजान सक्ने सम्भावना देखाएको छ।

निजी क्षेत्रलाई प्रोत्साहन दिने नीति पनि यस बजेटको अर्को महत्वपूर्ण पक्ष हो। व्यक्तिगत आयकर छुटको सीमा वृद्धि गर्नु, अधिकतम कर दर घटाउनु, स्टार्टअप कोष स्थापना गर्नु, विदेशी लगानीलाई सहज बनाउने नीति लिनु तथा सार्वजनिक-निजी साझेदारी (PPP) मोडललाई प्रोत्साहन गर्नुले निजी क्षेत्रलाई सकारात्मक सन्देश दिएको छ। नेपालको अर्थतन्त्रमा निजी क्षेत्र नै रोजगारी सिर्जनाको मुख्य आधार भएकाले सरकार र निजी क्षेत्रबीच सहकार्य अङ्गिकार गरेको छ। कृषि क्षेत्रमा पनि केही संरचनागत सुधारका संकेत देखिएका छन्। भूमि बैंक, करार खेती, उत्पादन तथा लगानीमा आधारित अनुदान र डिजिटल मल वितरण प्रणालीजस्ता कार्यक्रमले कृषि क्षेत्रलाई परम्परागत निर्वाहमुखी प्रणालीबाट व्यावसायिक र उत्पादनमुखी दिशातर्फ लैजान खोजेको देखिन्छ। नेपालजस्तो कृषि प्रधान देशमा कृषि क्षेत्रलाई आधुनिक र व्यावसायिक बनाउन सके मात्र बेरोजगारी घटाउन तथा ग्रामीण अर्थतन्त्र बलियो बनाउन सकिन्छ। ऊर्जा क्षेत्रमा जलविद्युत् उत्पादन, प्रसारण लाइन विस्तार तथा ऊर्जा निर्यातको लक्ष्यलाई निरन्तरता दिइएको छ। नेपालसँग भएको विशाल जलस्रोत सम्भावनालाई आर्थिक समृद्धिको आधार बनाउने सरकारी प्रयास सकारात्मक देखिन्छ। तर ऊर्जा क्षेत्रमा नीतिगत स्थिरता, पारदर्शिता र लगानी सुरक्षा अझै पनि चुनौतीका विषय हुन्। नेपाललाई केवल उपभोगमुखी अर्थतन्त्रबाट उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्न शिक्षा, स्वास्थ्य, प्रविधि र नवप्रवर्तनमै लगानी आवश्यक हुन्छ भन्ने यथार्थलाई यो बजेटले केही हदसम्म आत्मसात गरेको देखिन्छ।

**सकारात्मक पक्षः**

आर्थिक वर्ष २०८३/०८४ को बजेटले आर्थिक सुधार, उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा डिजिटल रूपान्तरणलाई प्राथमिकतामा राखेको छ। आयकर छुटको सीमा दोब्बर बनाइनु र कर दरमा कटौती गरिनुले मध्यम वर्गलाई राहत दिने अपेक्षा गरिएको छ। सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता (AI), रिमोट वर्क तथा स्टार्टअप क्षेत्रमा विशेष जोड दिइनुले नेपाललाई ज्ञान र प्रविधिमा आधारित अर्थतन्त्रतर्फ अघि बढाउने संकेत गरेको छ। कृषि अनुदानलाई उत्पादनसँग जोड्ने, भूमि बैंकको अवधारणा लागू गर्ने तथा जलविद्युत, पर्यटन र पूर्वाधार विकासमा लगानी बढाउने नीतिले दीर्घकालीन आर्थिक वृद्धि र रोजगारी विस्तारमा सकारात्मक योगदान पुऱ्याउन सक्छ।

आर्थिक वर्ष २०८३/०८४ को बजेट परम्परागत खर्चमुखी दृष्टिकोणभन्दा केही फरक रूपमा आर्थिक सुधार, उत्पादनशीलता वृद्धि, प्रविधिमैत्री विकास, सुशासन र निजी क्षेत्रको सहभागितालाई केन्द्रमा राखेर तयार गरिएको देखिन्छ। सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता (AI), ऊर्जा, कृषि आधुनिकीकरण, पूर्वाधार विकास, उद्यमशीलता प्रवर्द्धन तथा प्रशासनिक पुनःसंरचनाजस्ता विषयलाई प्राथमिकतामा राखिनुले अर्थतन्त्रलाई दीर्घकालीन रूपमा प्रतिस्पर्धी, उत्पादनमुखी र आत्मनिर्भर बनाउने प्रयास झल्किन्छ। साथै, करदातालाई राहत, डिजिटल सेवा विस्तार, लगानीमैत्री वातावरण निर्माण तथा सरकारी खर्चमा मितव्ययिता अपनाउने घोषणा यस बजेटका सकारात्मक पक्ष हुन्।

**चुनौतीहरूः**

बजेटको करिब ६० प्रतिशत हिस्सा चालु खर्चमा जानु र पुँजीगत खर्च केवल २०.३ प्रतिशतमा सीमित हुनु आर्थिक विकासका लागि चिन्ताको विषय हो। विकास निर्माण, पूर्वाधार र उत्पादनशील क्षेत्रमा पर्याप्त लगानी नहुँदा रोजगारी सिर्जना र आर्थिक वृद्धिमा अपेक्षित गति आउन सक्दैन। वित्तीय व्यवस्थापन तथा ऋण भुक्तानीमा झण्डै २० प्रतिशत बजेट खर्च हुनुले विकासका लागि उपलब्ध स्रोत अझ खुम्चिन्छ। दीर्घकालीन आर्थिक समृद्धिका लागि पुँजीगत खर्चको हिस्सा बढाएर उत्पादनमुखी क्षेत्रमा लगानी केन्द्रित गर्नु आवश्यक छ।

बजेटमा उल्लेख गरिएका कार्यक्रमहरू कार्यान्वयन गर्नु नै सबैभन्दा ठूलो चुनौती हो। हाल नेपालको कुल सार्वजनिक ऋण करिब रु. २९ खर्ब ३३ अर्ब पुगेको छ। यसमध्ये ठूलो हिस्सा बाह्य ऋणको रहेको छ भने आन्तरिक ऋण पनि तीव्र रूपमा बढिरहेको छ। चालु आर्थिक वर्षको नौ महिनामै सरकारले ऋणको साँवा र ब्याज भुक्तानीमा रु. २ खर्ब ५८ अर्ब खर्च गरिसकेको तथ्य सार्वजनिक भएको छ। आर्थिक वर्ष २०८३/८४ को बजेटमा मात्रै रु. ४ खर्ब २२ अर्ब ६४ करोड वित्तीय व्यवस्थापनतर्फ छुट्याइएको छ, जसको ठूलो हिस्सा ऋण भुक्तानी र ब्याज तिर्न प्रयोग हुनेछ। ऋणको साँवा-ब्याज भुक्तानीमा यति ठूलो रकम खर्च हुनुले बजेट कार्यान्वयनमा गम्भीर दबाब सिर्जना गर्ने देखिन्छ। सरकारले उठाउने राजस्वको ठूलो हिस्सा ऋण तिर्नमै खर्च हुँदा विकास निर्माण, उत्पादनमूलक क्षेत्र र रोजगारी सिर्जनाका कार्यक्रम प्रभावित हुन सक्छन्। नयाँ विकास आयोजना अघि बढाउन समेत पुनः ऋण लिनुपर्ने अवस्था बन्ने जोखिम बढेको छ। यदि ऋणको उपयोग उत्पादनशील क्षेत्रमा प्रभावकारी रूपमा गर्न सकिएन भने भविष्यमा नेपालको अर्थतन्त्रमा ऋणको भार चुनौतीपूर्ण बन्न सक्छ। कुल बजेटको ठूलो हिस्सा अझै पनि चालु खर्चमा केन्द्रित भएकाले विकास निर्माणका लागि छुट्याइएको पुँजीगत खर्च अपेक्षाकृत कम देखिन्छ। सबै तहका कर्मचारीको तलब २१ प्रतिशत सम्म्मको वृद्धिले पुजिगत खर्चलाई अझ चुनौती दिएको छ। विगतमा पुँजीगत बजेट खर्च गर्ने क्षमता कमजोर रहेको सन्दर्भमा निर्धारित लक्ष्य हासिल गर्न कठिन हुन सक्छ। साथै, महत्वाकांक्षी राजस्व संकलन लक्ष्य, बढ्दो आन्तरिक र बैदेशिक ऋण र ब्याज भुक्तानी, वैदेशिक स्रोतमा निर्भरताले वित्तीय व्यवस्थापनमा दबाब सिर्जना गर्न सक्छ। शिक्षा र स्वास्थ्यजस्ता आधारभूत क्षेत्रहरूमा अपेक्षाकृत ठूला सुधारात्मक कार्यक्रमको अभाव पनि महसुस गरिएको छ।

आर्थिक वर्ष २०८३/८४ को बजेटमा केही सकारात्मक कार्यक्रम समावेश भए पनि केहि उल्लेखनीय कमजोरीहरू पनि छन। ५० युनिटभन्दा बढी विद्युत् खपतमा भ्याट लगाइनु, निजी विद्यालयका शुल्कमा थप ३ प्रतिशत कर लगाइनु र निजी अस्पताल मेडिकल कलेजमा उपचार गराउने बिरामीबाट स्वास्थ्य समता शुल्क उठाउने व्यवस्था बजेटको कमजोरीका रूपमा देखिन्छ। आवासीय विद्यालय र निजी अस्पताल शिक्षा तथा स्वास्थ्य क्षेत्रका महत्वपूर्ण साझेदार हुन्। तर बजेटमार्फत् कर तथा शुल्कको भार बढाएर सरकारले यी संस्थालाई हतोत्साहित गरेको देखिन्छ, जसले शिक्षा र स्वास्थ्य सेवाको समग्र विकासमा नकारात्मक प्रभाव पार्न सक्छ। प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण अनुदानलाई कम गर्नु बजेटका कमजोरी हुन्। बढ्दो सार्वजनिक ऋण र साँवा-ब्याज भुक्तानीको भार तथा महत्वाकांक्षी राजस्व लक्ष्यले बजेट कार्यान्वयनमा चुनौती थप्ने देखिन्छ। समग्रमा, यो बजेटले संघीयता सुदृढीकरण, उत्पादन वृद्धि र दीर्घकालीन आर्थिक रूपान्तरणका अपेक्षालाई पूर्णरूपमा सम्बोधन गर्न सकेको देखिँदैन। बजेटको सफलता यसको आकार वा घोषणामा मात्र सीमित रहँदैन। विगतमा देखिएका कमजोर कार्यान्वयन क्षमता, न्यून पुँजीगत खर्च, महत्वाकांक्षी राजस्व लक्ष्य, बढ्दो ऋणको दायित्व तथा सार्वजनिक परियोजनाहरूमा हुने ढिलासुस्ती जस्ता चुनौतीहरू अझै विद्यमान छन्।

त्यसैले सुशासन, पारदर्शिता, जवाफदेहिता र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नसके बजेटका अधिकांश लक्ष्यहरू पुरा नहुने जोखिम रहन्छ। कुनै पनि बजेटको वास्तविक मूल्याङ्कन त्यसले जनताको जीवनमा ल्याउने परिवर्तनका आधारमा गरिन्छ। यदि शिक्षा सुधारले विद्यार्थीलाई गुणस्तरीय ज्ञान र सीप दिन सक्छ, स्वास्थ्य सेवाले नागरिकलाई सहज र भरपर्दो उपचार उपलब्ध गराउन सक्छ, प्रविधि तथा एआईमा गरिएको लगानीले युवाहरूलाई रोजगारी र उद्यमशीलताको अवसर सिर्जना गर्न सक्छ, कृषि तथा उद्योगका नीतिहरूले उत्पादन वृद्धि र आत्मनिर्भरता हासिल गर्न सक्छन् भने मात्र यो बजेट वास्तवमा सफल, प्रभावकारी र ऐतिहासिक ठहरिनेछ। अर्कोतर्फ, कुल बजेटको ठूलो हिस्सा ऋण र राजस्व वृद्धिको अपेक्षामा आधारित छ। साथै आन्तरिक तथा बाह्य ऋणको भार र ब्याज भुक्तानी बढ्दै गएको अवस्थामा स्रोत सुनिश्चित नगरी महत्वाकांक्षी खर्च घोषणा गरिएको भन्ने आलोचना पनि छ। संक्षेपमा, बजेट २०८३/०८४ को सफल कार्यान्वयन राजस्व संकलन, आर्थिक वृद्धि र ऋण व्यवस्थापनमा निर्भर रहनेछ।

# सिक्टा आयोजनालाई दुई अर्ब ५५ करोड बजेट



राँझा। बाँकेमा निर्माणाधिन राष्ट्रिय गौरवको आयोजना सिक्टा सिँचाइलाई आगामी आर्थिक वर्ष २०८३/८४ मा बजेट सिलिङ बढेको छ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार प्रस्तुत गरेको आगामी आवको बजेटमा सिक्टा आयोजनालाई रु दुई अर्ब ५५ करोड विनियोजन गरिएको छ। चालु आर्थिक वर्ष २०८२/८३ मा सो आयोजनालाई रु एक अर्ब ५७ करोड विनियोजन गरिएको आयोजनाका सूचना अधिकारी सिनियर डिभिजनल इञ्जिनियर मनोजकुमार साहले जानकारी दिए। उनका अनुसार गत आवको बजेटमा भन्दा यस वर्ष करिब रु एक अर्ब बढाएर बजेट विनियोजन भएको छ।

सिक्टा आयोजनाअन्तर्गत अहिले डुडुवा शाखा नहर निर्माण धमाधम भइरहेको छ भने सिधनीया, प्रसेनीपुर र अकलघरवा शाखा नहरमा ठेक्का सम्झौता गरी निर्माण कार्यलाई तीव्रता दिइएको छ। गुरुवागाउँ र अकलघरहवाका उपशाखा तथा पूर्वी मूल नहरका बाँकी कामका लागि पूर्व तयारीका कामहरू भइरहेका सूचना अधिकारी साहले बताए।

बाँकेको राप्ती सोनारी गाउँपालिका-२ अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी बाँकेको खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउन आयोजना निर्माण गरिएको हो। आव २०६२/६३ मा सुरु भएको आयोजना पछिल्लो संशोधित गुरुयोजना अनुसार आर्थिक वर्ष २०८९/९० मा सम्पन्न गर्ने लक्ष्य रहेको छ।

आयोजनाको निर्माणाधिन पश्चिमी मूल नहरले बाँके जिल्लाको राप्ती नदी पश्चिम भेगको ३३ हजार ७६६ हेक्टर र पूर्वी मूल नहरले राप्ती नदी पूर्वी भेगको करिब नौ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको सूचना अधिकारी साहले जानकारी दिए। संशोधित गुरुयोजना अनुसार आयोजनाको लागत रु ५२ अर्ब ८९ करोड रहेको छ।

# यातायात खर्च वृद्धिपछि स्वास्थ्य स्वयंसेविका खुसी



महेन्द्रनगर। कञ्चनपुरको बेदकोट नगरपालिका-८ की शारदादेवी विष्ट २०५५ सालदेखि स्वास्थ्य स्वयंसेविकाका रूपमा कार्यरत छिन्। उनले सेवा सुरु गर्दा यातायात खर्चवाफत रु ७५ पाइन्।

विष्टले 'सेवा नै धर्म हो' भन्ने भावसहित १५ दिने तालिम लिएर स्वयंसेविका भएर काम थालेको २८ वर्ष भयो। उनी हालै सरकारले आगामी आर्थिक वर्षको बजेटमा महिला स्वास्थ्य स्वयंसेविकालाई सम्बोधन गरेकामा खुसी छिन्।

विष्टले हाल बैठकवापत रु ४०० का दरले पाउने गरेकामा त्यसमा ५० प्रतिशत वृद्धि हुने व्यवस्थाले खुसी थपिएको बताइन्। "हिजोका दिनमा पनि हामी पैसा हेरेर यो सेवामा आएका होइनौँ। हाम्रो मूलध्येय सेवा गर्ने हो, यस निर्णयले हामीलाई हौसला थपिएको छ।"-उनले भनिन्।

अर्का महिला स्वास्थ्य स्वयंसेविका सरस्वतीदेवी कार्कीले पनि यातायात खर्चवाफतको रकम वृद्धिले काम गर्न थप हौसला मिलेको बताइन्। "साइकल नहुँदा अटो चढेर भए पनि बोलाएको ठाउँमा पुग्दा खर्च बढी लाग्छ। पारिश्रमिक रकम धेरै नभए पनि समाजमा महिला स्वास्थ्य स्वयम्सेविकाप्रतिको सम्मान छुट्टै छ, त्यसमा यो निर्णयले थप योगदान पुग्नेछ।"-उनले भनिन्।

यहाँ स्वाथ्य स्वेयंसेविकाले राज्यबाट वार्षिक रूपमा पोसाक भत्तावापत रु १० हजार, सुदूरपश्चिम प्रदेश सरकारबाट प्रोत्साहन स्वरुप रु १२ हजार र बेदकोट नगरपालिकाबाट रु १५ हजार पाउने गरेका छन्।

"सरकारले यातायात खर्च त बढायो, गाउँकै सेवामा जीवन बिताएका हामी जस्ता देशभरका हजारौँ स्वयंसेविकाका लागि थोरै भए पनि तलव भत्ता बढाइ दिए हुन्थ्यो। त्यसले हालको महँगीको अवस्थामा केही राहत मिल्थ्यो", कार्कीले भनिन्-"बिरामी, सुत्केरी र सामान्य स्वास्थ्य समस्या हुँदा गाउँमा हामीलाई सम्झिने र सल्लाह लिने काम अझै धेरै गर्छन्, तर सेवा सुविधा सोअनुसार छैन।"

सात जना स्वास्थ्य स्वयंसेविका भएको बेदकोट नगरपालिका-८ मा स्वास्थ्य एकाइदेखि वडामा हुने विभिन्न काममा उनीहरू खटिरहेका छन्। स्वास्थ्य स्वयंसेविका सरिता विष्ट आफूले २०६० सालदेखि सेवा गर्दै आएको जानकारी दिँदै अझै पनि धेरैजसो नागरिक प्राथमिक स्वास्थ्य उपचारदेखि विभिन्न जनचेतनामूलक कार्यक्रममा आफूहरूको भूमिका कायमै रहेको सुनाइन्।

"वडामा आधारभूत स्वास्थ्य एकाइहरु सञ्चालनमा आएपछि स्वास्थ्य स्वयंसेविकाको काम केही घटे पनि प्राथमिक उपचार र जनचेतनाका काममा अझै पनि नागरिक विश्वास रहेको छ", उनले भनिन्-"अझै पनि गाउँमा जीवनजल, जिंक, कण्डमलगायत स्वास्थ्य सामग्रीका लागि स्थानीयहरू आउने गरेका छन्।"

अन्य स्वास्थ्य स्वयंसेविकाले ६० वर्ष उमेर पार गरेपछि स्वास्थ्य अवकाशमा जाँदा राज्यबाट उचित प्याकेजसहितको सम्मान सुविधा हुनुपर्ने बताएका छन्। "हामी चिकित्सक त होइनौँ, तर अझै पनि गाउँलेहरू ठूलो आशा गरेर हामी कहाँ आउँछन्। हामीले आफ्नो जीवन नै नागरिक सेवामा समर्पित गर्छौं तर भविष्यको सुरक्षा छैन। यस विषयमा पनि सरकारले सोच्नुपर्छ।"-उनीहरूको भनाइ छ।

# ढाका उद्योगमार्फत् आत्मनिर्भर बन्दै तमानखोलाका महिला

गलकोट। जिल्लाको तमान गाउँका जमूना घर्तीलाई ढाकाका कपडा बुन्न भ्याइनभ्याइ छ। तमानखोला गाउँपालिका-३ मा रहेको महिला कल्याण आमा समूहको भवनमा बिहानैदेखि ढाकाको अस्कोट बुन्दै गरेकी घर्तीले आफू जस्तै १५ जना महिलाले हरेक दिन ढाकाका विभिन्न कपडा बुन्दै आएका बताइन्।

ढाका उद्योगमार्फत् महिलालाई आत्मनिर्भर बनाउने पहलअन्तर्गत तमानखोलाले महिलालाई ढाका उद्यमी बनाउनेदेखि उत्पादन खरिद गर्नेसम्मका काममा सघाउँदै आएको छ। ढाकाका सल, टोपी, गलबन्दी र अस्कोट बुन्ने र बिक्रीमार्फत् यहाँका महिला आत्मनिर्भर बन्दै आएका छन्।

महिलाले उत्पादन गरेका कपडा तमानखोला गाउँपालिकाको कार्यालयले खरिद गरी बिक्रीमा सहजीकरण गरिरहेको घर्तीले बताइन्। करिब सात वर्ष पहिले म्याग्दीबाट आएका प्रशिक्षकमार्फत् गाउँमा ढाकाका कपडा उत्पादन गर्ने सीप सिकेका महिलालाई समूहमा आबद्ध गराएर थप व्यावसायिक बनाउन गाउँपालिकाले लगानी गरेको हो।

महिलालाई व्यावसायिक, स्वरोजगार र उद्यमी बनाउन पालिकाले सात वर्ष पहिलेदेखि सीप सिकाउने, तान प्रदान गर्ने, समूहको भवन निर्माण गरिदिने, उत्पादित खरिद गरी बिक्रीमा सहजीकरण गर्नेलगायत काम गर्दै आएको छ।

"पालिकाले विभिन्न कार्यक्रम आयोजना गरिरहेको हुन्छ। ती कार्यक्रममा मायाको चिनो स्वरुप महिलाले उत्पादन गर्दै आएका सल, गलबन्दी प्रयोग गर्दै आएका छौँ। ज्येष्ठ नागरिक सम्मान जस्ता कार्यक्रममा टोपी, गलबन्दी र अस्कोट प्रयोग गर्दै महिलाका उत्पादनको बजारीकरण गरिरहेका छौँ।"-गाउँपालिकाका उपाध्यक्ष हिराकुमारी छन्त्यालले भनिन्।

गाउँपालिकाले सात वर्ष पहिले महिलाका लागि सीपमूलक तालिम दिनुका साथै आवश्यक सामाग्री उपलब्धध गराउनुका साथै भवन बनाउन पनि सहयोग गरेको छन्त्यालले जानकारी दिइन्।

उनका अनुसार अहिलेसम्म सामग्री, भवन, प्रशिक्षणलगायत गतिविधिका लागि पालिकाले रु २५ लाख लगानी गरिसकेको छ। यहाँका महिलाले ढाकाका कपडा बुनेर मासिक रु ५० हजारसम्म आम्दानी गर्दै आएका उपाध्यक्ष छन्त्यालले जानकारी दिइन्।

सुरुवातका दिनमा आफूले उत्पादन गरेका सामग्री बिक्री नभएर सास्ती भएपनि पछिल्लो समय पालिकाले खरिद गरिदिन थालेपछि महिला उत्साहित भएका घर्तीले बताइन्। महिला कल्याण आमा समूहको कोषाध्यक्षसमेत रहेकी उनले पालिकाको साथ र सहयोगले तमानगाउँका महिलालाई उद्यमी बनाउनुका साथै आत्मनिर्भर बनाउँदै लगेको धारणा राखिन्।

# उच्च तापक्रममा टिनको छानामुनि बालबालिका पढ्न बाध्य



खजुरा। पश्चिम नेपालको बाँकेलगायतका जिल्लामा अत्यधिक गर्मी बढेको छ। यहाँका अधिकांश सामुदायिक विद्यालयमा टिनको छानाले बनेका कक्षाकोठा रहेका छन्।

नेपालगन्जको चर्को गर्मी (४१-४२ डिग्री उच्च तापक्रम) मा विद्यालयका बालबालिका टिनको छानामुनि उकुसमुकुस भई तरतरी पसिना चुहाउँदै पढ्न बाध्य छन्। छिनछिनमा बिजुली जाने समस्या, पंखाको अभावमा साना बालबालिकाको स्वास्थ्य र पढाइ दुवै प्रभावित भएको विद्यालयका शिक्षकहरु बताउँछन्। अत्यधिक गर्मीको मौसममा पटकपटक विद्युत् अवरुद्ध हुने समस्याले टिनको छानामुनिको पढाइ सकसपूर्ण बनेको छ। अधिकांश विद्यालयले प्राथमिक तहका साना बालबालिकालाई टिनको छानामुनि राखेर पढाउने गरेका छन्।

गर्मीका कारण विद्यार्थी पटकपटक पानी खान जाने, टाउको दुख्ने, थकान हुनेजस्ता समस्या देखिने गरेको नेपालगन्ज उपमहानगरपालिका-२० राँझास्थित आदर्श माविका शिक्षिका हीरा गौतमले बताइन्। डुडुवा गाउँपालिका-४ स्थित श्री माध्यमिक विद्यालय शाहपुर्वाका सहायक प्रधानाध्यापक टीका खड्का र नेपालगञ्ज-१० स्थित शारदा आधारभूत विद्यालयकी शिक्षिका अल्का वर्णवालको अनुभव पनि उस्तै छ।

विद्यालयमा सामान्य प्राथमिक उपचारको व्यवस्थामात्र भएकाले बिरामी विद्यार्थीलाई सकेसम्म विद्यालयमै सम्हाल्ने, नसके घर पठाउने गरिएको उनीहरूको भनाइ छ। टिनका छानामा एउटा कक्षाकोठाको आवाज अर्को कोठासम्म सुनिन्छ। वर्षायाममा पानी पर्दा टिनका पाताले ठूलो आवाज निकाल्ने भएकाले पढाइमा थप अवरोध हुने शिक्षकहरूको भनाइ छ।

तापक्रम घटाउने उद्देश्यले केही विद्यालयमा स्थानीय सरकारले टिनमुनि जिप्सन राखेको छ। तर नेपालगन्जको गर्मीमा त्यो पनि प्रभावकारी नभएको शारदा आधारभूत विद्यालयका शिक्षक धर्मराज जोशी बताउँछन्।

नेपालगन्ज उपमहानगरपालिकाका शिक्षा तथा खेलकुद महशाखा प्रमुख गोर्खबहादुर थापाले टिनको छानामा जिप्सन राखेर तापक्रम घटाउने प्रयास गरिएको र नयाँ भवनहरू टिनका नबनेको बताए। उनले भने-"यसलाई दीर्घकालीन बनाउन नीति बनाउने काम अझै हुनसकेको छैन।"

जनप्रतिनिधिहरू सुविधासम्पन्न भवन र बाताअनुकूलित वातावरणमा बसिरहेका बेला निम्न आय भएका परिवारका बालबालिका भने अझै टिनको छानामुनि गर्मीसँग सङ्घर्ष गर्दै पढ्न बाध्य भएको अभिभावकहरूको भनाइ छ।

**नेपालले...**

नेपालको भौगोलिक अखण्डताको रक्षा गर्ने कुरामा जोड दिनुको साटो नेपालले भारतको भूभाग मिचेको छ भन्ने झुटा कुरा संसदमा गर्ने व्यक्तिलाई प्रधानमन्त्री पदमा एकछिन पनि बसिरहने नैतिक अधिकार हुँदैन।'

भारतका लागि नेपाली पूर्व राजदुत निलाम्बर आचार्यले सीमा समस्याको सन्दर्भमा नेपालले भारततर्फको सीमा मिचेर कतै पनि आफ्नो सैनिक टोली वा सुरक्षाकर्मी तैनाथ नगरेको बताएका छन्। 'जबकी, कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रमा भारतीय पक्षबाट त्यस्तो कार्य भएको हामी स्पष्ट देख्छौँ। यो तथ्य पटक-पटक सार्वजनिक जानकारीमा आइसकेको विषय हो र नेपाल सरकारले यसमा निरन्तर विरोध पनि जनाउँदै आएको छ। त्यसैले, कालापानी र लिम्पियाधुराको गम्भीर अतिक्रमणको स्थितिलाई अन्य सीमा क्षेत्रमा स्थानीय बासिन्दाबीच हुने सामान्य जग्गा खिचोलसँग एउटै डालोमा राखेर तुलना गर्न मिल्दैन।' - उनले भनेका छन्।

यसैबिच संवैधानिक कानुनविद् डा. भिमार्जुन आचार्यले प्रधानमन्त्रीबाट आएको यस्तो अभिव्यक्ति अपेक्षित नभएको बताएका हुन्। 'नेपालले पनि भारतको सीमा मिचेको छ भन्ने प्रधानमन्त्रीको सदनमा दिएको अभिव्यक्ति अति नै असामान्य र गम्भीर छ।

दुई देशबिचमा तेस्रो देशको उपस्थितिको आह्वान अझै चिन्ताजनक छ,' उनले भनेका छन्-'आजसम्मका कुनै पनि प्रधानमन्त्रीहरूले यस्तो अभिव्यक्ति संसद् र संसद् बाहिर दिएको रेकर्ड छैन। यस्तो अभिव्यक्ति कहिल्यै अपेक्षित पनि छैन।'

उनको सरकार प्रमुखबाटै आएको यस्तो अभिव्यक्तिले नेपालको भौगोलिक अखण्डता रक्षा गर्न सरकारले चाहँदैन वा सक्दैन भन्ने कुरा दर्शाएको पनि उल्लेख गरेका छन्। 'यसको सबैभन्दा ठूलो असर नेपाली भूमि जसरी जुनस्तरमा अतिक्रमण भैरहेको छ, त्यसलाई कुनै न कुनै रूपमा फाइदा र वैधता दिलाउनु हो। सीमा मिच्ने काम दुई देशबीच पारस्परिक छ भन्ने सरकार प्रमुखको भनाइले नेपालको भौगोलिक अखण्डता रक्षा गर्न यो सरकार चाहँदैन वा सक्दैन भन्ने कुरा दर्शाउँछ।' उनले सिंगो देश र देशवासी यसबारे सचेत हुनुपर्ने पनि बताएका छन्। 'सिंगो देश र देशवासी झनै सचेत हुनुपर्ने समय आए जस्तो छ।' -उनले भनेका छन्।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता नारायणकाजी श्रेष्ठले प्रधानमन्त्री बालेन शाहले नेपाल-भारत सीमाबारे दिएको अभिव्यक्ति गलत, राष्ट्रघाती, गैरजिम्मेवार र घातक भएको टिप्पणी गरेका छन्।

आइतबार प्रतिनिधिसभामा सम्बोधन गर्न पुगेका प्रधानमन्त्री शाहले सांसदहरूले उठाएका प्रश्नको जवाफ दिने क्रममा नेपालले पनि भारतको सीमा मिचेको अभिव्यक्ति दिएका थिए।

यसैबीच नेता श्रेष्ठले प्रधानमन्त्रीले दिएको यस्तो अभिव्यक्तिले नेपाली जनतालाई लज्जित एवं आक्रोशित बनाएको टिप्पणी गरेका हुन्।

'प्रधानमन्त्री बालेन्द्र शाहले प्रतिनिधिसभाको बैठकमा बोल्दै नेपालले पनि भारतको भूमि मिचेको छ भनी दिएको अभिव्यक्ति शतप्रतिशत गलत, राष्ट्रघाती, गैरजिम्मेवार र घातक छ,' उनले भनेका छन्-'आफ्नै देशको प्रधानमन्त्रीले दिएको यसप्रकारको अभिव्यक्तिले राष्ट्रिय सार्वभौमिकता ,भौगोलिक अखण्डता, स्वाधीनता र स्वाभिमानको पक्षमा दृढतापूर्वक उभिँदै आएका देशभक्त नेपाली जनतालाई लज्जित एवं आक्रोशित बनाएको छ।'

यस्तो अभिव्यक्तिले भारतद्वारा अतिक्रमण गरिएको लिम्पियाधुरा-लिपुलेक-कालापानी र सुस्ता क्षेत्रको नेपाली भूमि व्यावहारिक रुपमा नै नेपालको सार्वभौमिकता अन्तर्गत ल्याउने नेपालको निरन्तरको अभियानमाथी आँच पुऱ्याएको उनको भनाइ छ। साथै, उनले प्रधानमन्त्री शाहले माफी माग्नुपर्ने र उक्त अभिव्यक्ति संसद्को रेकर्डबाट हटाउनुपर्ने पनि बताएका छन्।

**भ्याटमा...**

तर, अर्थमन्त्री वाग्लेले बिजुली र राइड सेयरिङमा १३ प्रतिशत कर लगाएर त्यसमा ६०.५३ प्रतिशत छुट दिएका होइनन्। ५ प्रतिशतको नयाँ दर नै सुरु गरेका हुन्। त्यसो हुँदा यो रिड्युस्ड रेट भन्ने उनको भनाइ नै गलत सावित भएको हो।

त्यति मात्रै होइन, आर्थिक विधेयकले सरकारलाई जुनसुकै बेला पनि राजपत्रमा सूचना प्रकाशित गरी भ्याटमा बहुदर सुरु गर्न सक्ने अधिकार दिएको छ।

आर्थिक विधेयकको दफा ५५ कै उपदफा १ मा थपिएको (१क) मा 'नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी उपदफा (१) बमोजिम करको दरमा नबढ्ने गरी बहुदर कायम गर्न र सो बमोजिम कर लाग्ने वस्तु तथा सेवा तोक्न सक्ने छ,' भन्ने उल्लेख छ।

# उद्योगमा आगलागीबाट पाँच करोडको क्षति

राँझा। नेपालगन्ज उपमहानगरपालिका-२१ फुल्टेक्रास्थित नयाँबस्तीमा अवस्थित एभरेष्ट प्लाइ ढोका उद्योगमा भएको आगलागीबाट रु पाँच करोडको क्षति भएको छ।

शुक्रबार दिउँसो लागेको आगो शनिबार मात्रै नियन्त्रणमा आएको थियो। सो आगलागीबाट उद्योगका सम्पूर्ण मेसिन, कच्चा पदार्थ र तयारी ढोका जलेर खरानी भएको उद्योगका सञ्चालक प्रकाश रानाले जानकारी दिए। उनका अनुसार उद्योगमा रहेका मेसिन, कच्चा पदार्थ तथा तयारी ढोका जलेर खरानी भएको छ।

विद्युत् सर्ट भएर आगलागी भएको हुनसक्ने अनुमान गरिएको छ। शुक्रबार दिउँसो सुरु भएको आगलागी शनिबार नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रतितसिंह राठौरले बताए। उनका अनुसार बाँके र बर्दियाका विभिन्न स्थानीय तहबाट ल्याइएका बारुणयन्त्र, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र स्थानीयवासीको प्रयासमा आगो निभाइएको थियो। आगलागीको कारण तथा त्यसबाट भएको क्षतिको विवरण सङ्कलनको काम भइरहेको छ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



बन्जीजम्प गर्दै आन्तरिक पर्यटकः

बागलुङ र पर्वत जिल्ला जोड्ने गरी कालीगण्डकी नदीको खोचमा निर्माण गरिएको साहसिक खेल बन्जीजम्प गर्दै आन्तरिक पर्यटक। अहिले दैनिक चार सय पर्यटक बन्जीजम्प गर्न र अवलोकनका लागि पुग्ने गरेका छन्। तस्विरः रासस

# सिद्धार्थ राजमार्ग स्तरोन्नति हुने 'द्रुतमार्ग बन्दै'



**प्रकाश डोटेल**

*स्याङ्जा*

आउँदो वर्षको बजेटमार्फत् सरकारले पोखरा-बुटवल जोड्ने सिद्धार्थ राजमार्गलाई द्रुतमार्गका रूपमा विकास गर्ने भएको छ। संघीय संसदको संयुक्त बैठकमा शुक्रबार आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले द्रुतमार्ग बनाउने घोषणा गरेका हुन्।

घोषणा अनुसार राजमार्गको स्तरोन्नति र विस्तारको काम यसै वर्ष सुरु गरिने उनले बताए। डा. वाग्लेले सिद्धार्थ राजमार्गलाई आधुनिक सडक बनाउने योजना अघि सारे पनि बजेटको निश्चित रकम भने उल्लेख गरेका छैनन्। बजेटमा रकम उल्लेख नभएपनि द्रुतमार्ग बन्नेमा राजमार्ग आसपासका स्थानीय आशावादी छन्।

सिद्धार्थ राजमार्गसँगै चर्चित सिद्धबाबा सुरुङमार्गको काम पनि यसै वर्ष सकिने भएको छ। डा. वाग्लेले उक्त सुरुङमार्ग निर्माण कार्य यही वर्ष सम्पन्न हुने जानकारी दिए। सिद्धबाबा खण्डको जोखिम अन्त्य गर्न सुरुङमार्गले ठूलो सघाउ पुऱ्याउने विश्वास गरिएको छ। सिद्धबाबा सुरुङमार्ग पूरा भएपछि पाल्पा र बुटवल खण्डको यात्रा सुरक्षित र भरपर्दो हुनेछ।

पोखरादेखि बुटवलसम्मको सिद्धार्थ राजमार्गको लम्बाइ झण्डै १ सय ८० किलोमिटर छ। पहाडी भूगोलका कारण राजमार्ग निकै साँघेरो र घुमाउँरो छ। यसलाई द्रुतमार्ग बनाउँदा हालको दूरी निकै घट्ने सम्भाव्यता अध्ययनले देखाएको छ। सरकारले यसअघि नै सडकको विकल्प र सुरुङमार्गका बारेमा प्राविधिक अध्ययन गराएको थियो। नयाँ प्रविधि प्रयोग गरेर सडकको दूरी छोट्याउने र यात्रा सहज बनाउने सरकारको लक्ष्य छ।

जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारले सिद्धार्थ राजमार्गको पोखरा-बुटवल खण्डको सुधारका लागि एसियाली पूर्वाधार विकास बैंक (एआइआइबी) बाट प्राप्त २० लाख अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको थियो। गएको माघ ९ गतेको मन्त्रिपरिषद् बैठकले राजमार्गको सुधार आयोजना तयारीका लागि उक्त वैदेशिक अनुदान लिने निर्णय गरेको हो। राजमार्गको स्तरोन्नतिका लागि आवश्यक तयारी र अध्ययनमा रकम परिचालन गरिनेछ।

केहि समयअघि वन तथा वातावरण मन्त्रालयले पोखरा-बुटवल सडक स्तरोन्नति परियोजनाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदन सार्वजनिक गरिसकेको छ। प्रतिवेदन अनुसार राजमार्गको स्तरोन्नतिका लागि १९ अर्ब ७५ करोड ९० लाख रुपैयाँ लाग्ने अनुमान गरिएको स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष महादेव श्रेष्ठले बताए।

४ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजनामा ९ अर्ब ३७ करोड २० लाख रुपैयाँ पुल र सुरुङ निर्माणमा मात्रै खर्च गरिने प्रस्ताव छ। स्तरोन्नतिपछि सडकको चौडाइ ५० मिटरसम्म पुग्नेछ। सडकका दुवैतर्फ १.५ मिटरको सोल्डर र १ मिटरको नाली रहने प्रतिवेदनमा उल्लेख छ।

भारतीय आर्थिक सहयोगमा २०२२ देखि निर्माण सुरु भई २०२८ मा सम्पन्न भएको १८० किलोमिटर लामो राजमार्गको उद्घाटन २०२९ बैशाखमा तत्कालीन राजा वीरेन्द्रले पोखरामा गरेका थिए। हाल राजमार्ग साँघुरो सडक र घुम्तीका कारण जोखिमपूर्ण मानिन्छ। विशेष गरी स्याङ्जा, वालिङ, बजार र आसपासको खण्डमा दुई लेनको सडक, फुटपाथ र नाली नहुँदा पैदल यात्री र सवारी चालकले सास्ती खेप्दै आएका छन्। राजमार्गमा ३४ वटा पुल छन् भने कालीगण्डकी नदीमाथिको राम्दी पुल सबैभन्दा लामो र जीर्ण अवस्थामा छ, त्यसको बिकल्पमा नयाँ पुल बनिरहेको छ।

नयाँ योजना अनुसार सडकका घुम्तीहरू घटाउन ३८ ठाउँमा पुल संरचना, ५ ठाउँमा सुरुङमार्ग र बाइपासको प्रस्ताव गरिएको छ। स्याङ्जाको भालुपहाड, रामकोष, विष्णुपँधेरामा ५ सय मिटरभन्दा कम लम्बाइका सुरुङ बनाउने गरी सडकको डिजाइन गरिएको छ। यसले यात्रालाई सुरक्षित र छोटो बनाउने विश्वास गरिएको छ। विस्तृत इन्जिनियरिङ अध्ययन अनुसार सडकको ढलान, घुम्तीको अर्धव्यास र सडकको सतह नेपाल सरकारको मापदण्ड अनुरूप हुनेछ।

प्रतिवेदनअनुसार सडक विस्तारका क्रममा ५४.१२ हेक्टर जग्गा आवश्यक पर्नेछ। यसअन्तर्गत ४१.४२ हेक्टर खेतीयोग्य जमिन र १२.१८ हेक्टर वन क्षेत्र रहेको छ। आयोजनाका कारण २ हजार ९ सय ८२ वटा रूख काटिनेछन् भने ३ सय ५५ घरधुरी प्रत्यक्ष प्रभावित हुने प्रतिवेदनमा उल्लेख गरिएको छ। यस्तै २१ संस्थागत भवन, ४५ वटा बस बिसौनी, २३ वटा सार्वजनिक धारा र १३ वटा मठ-मन्दिरमा क्षति पुग्ने अनुमान गरिएको छ।

पोखरा-बुटवल जोड्ने राजमार्ग व्यापारिक र पर्यटकीय दृष्टिकोणले निकै महत्वपूर्ण मानिन्छ। द्रुतमार्ग निर्माण भएपछि दुई सहरबीचको यात्रा समय आधाभन्दा धेरैले घट्नेछ। सिद्धार्थ राजमार्गको स्तरोन्नति गर्ने कुरा पटकपटक आए पनि बजेटको अंक नतोकिँदा स्थानीय बासिन्दा पूर्ण आश्वस्त हुन सकेका छैनन्। यद्यपि यसअघि अध्ययनका लागि एआइआइबीको सहयोग स्वीकार गर्नु र बजेटमा समेटिनुले केही आशा जगाएको स्थानीय कुलानन्द लम्सालले बताए।

राजमार्ग द्रुतवमार्ग बनेमा तराइ-पहाड जोड्ने देशकै छोटो राजमार्गले हजारौ नागरिकलाई स्वरोगार बनाउने विश्वास गरिएको छ। नेपाल-भारतको सिमना सुनौलीबाट भित्रने हजारौं भारतीय सवारी साधनका यात्रुहरु बुटवल-पाल्पा र स्याङ्जा-पोखरा हुँदै मुक्तिनाथ दर्शन गर्न पुग्नेछन्। राजमार्गको स्तरोन्नति भएमात्रै प्रदेशको आयआर्जनमा ठूलो परिवर्तन आउने अपेक्षा गरिएको छ।

# टी-२० आईमा दुईपटक ३०० रन कटाउने नेपाल पहिलो टिम



बुटवल। नेपाली पुरुष क्रिकेट टोलीले आइतबार बिहान एसियन गेम्स छनोटअन्तर्गत चीनसँगको खेलमा आक्रामक ब्याटिङ गर्दै २० ओभरमा ३१३ रनको विशाल योगफल खडा गऱ्यो।

उक्त योगफल बनाउने क्रममा केही कीर्तिमानहरू पनि बनेका छन्। नेपाल टी-२० आई क्रिकेटमा ३०० रन पूरा गर्ने पहिलो टिम बन्यो। यसअघि नेपालले सन् २०२३ मा एसियन गेम्सअन्तर्गतकै खेलमा मंगोलियाविरुद्ध ३१४ रन बनाएको थियो।

टी-२०आईमा पहिलोपटक ३०० रन कटाउने टिम पनि नेपाल नै थियो। त्यसपछि जिम्बाबेले गाम्बियाविरुद्ध सन् २०२४ मा ३४४ रन बनाएर नेपालको कीर्तिमान तोडेको थियो।

यस्तै आइतबार नेपालले चीनविरुद्ध कुल २९ छक्का प्रहार गऱ्यो। यो पनि एकै इनिङ्मा सर्वाधिक छक्काको कीर्तिमान (संयुक्त रूपमा) हो। स्पेनले पनि सन् २०२५ मा क्रोएसिया विरुद्ध २९ छक्का प्रहार गरेको थियो।

त्यसैगरी, कुशल भुर्तेलले एकै ओभरमा ६ छक्का प्रहार गरेर दुर्लभ रेकर्ड बनाउन सफल भए। यो रेकर्ड बनाउने उनी नेपालका लागि दोस्रो खेलाडी हुन् भने समग्रमा छैटौं खेलाडी हुन्।

यस्तै कुशल भुर्तेलले प्रहार गरेको १६ छक्का कुनैपनि नेपाली ब्याटरले एकै इनिङ्मा प्रहार गरेको सर्वाधिक छक्का हो। यसअघि कुशल मल्लले मंगोलियाविरुद्ध १२ छक्का प्रहार गरेका थिए।

सर्वाधिक छक्काको विश्व कीर्तिमान भने इस्टोनियाका साहिल चौहानको नाममा छ। उनले साइप्रसविरुद्ध सन् २०२४ मा १८ छक्का प्रहार गरेका थिए। यस्तै कुशल भुर्तेलले बाउन्ड्रीबाट सबैभन्दा धेरै रन जोड्ने नेपाली खेलाडीको कीर्तिमान पनि बनाएका छन्। उनले चीनविरुद्ध बाउन्ड्रीबाट मात्र ११६ रन जोडेका थिए, यसअघि कुशल मल्लको १०४ रनको रेकर्ड थियो।

# देशभर ६२ लाख ४९ हजार ७३२ सवारीसधान



बुटवल। देशभर दर्ता भएका सवारीसाधनको संख्या ६२ लाख माथि रहेको पाइएको छ। अर्थ मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार चालु आर्थिक वर्ष फागुन मसान्तसम्म कुल सवारीसाधनको संख्या ६२ लाख ४९ हजार ७३२ पुगेको छ।

चालु आवको फागुन मसान्तसम्म मात्रै दुई लाख ८१ हजार ९२१ वटा दर्ता भएका थिए। दर्ता भएका सवारीसाधनमध्ये ५० लाख बढी मोटरसाइकल छन्।

यसैगरी, फागुन मसान्तसम्म ४१ लाख १४ हजार १८१ वटा सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) जारी भएको छ। त्यसमध्ये चालु आवको आठ महिनासम्म ४३ हजार ७५० थान सवारी चालक अनुमतिपत्र जारी भएको थियो।

चालु आवको प्रथम आठ महिनामा ८७ हजार १४ थान इम्बोस्ड नम्बर प्लेट उत्पादन भएका छन्। तीमध्ये पाँच हजार १८६ थान जडान गरिएको छ।

गत फागुन मसान्तसम्म कुल आठ लाख ३१ हजार ५९ थान इम्बोस्ड नम्बर प्लेट उत्पादन भएकामा ८८ हजार ३४० थान जडान भएका छन्।

इम्बोस्ड सवारी नम्बर प्लेट जडानसम्बन्धी निर्देशिका, २०८१ अनुसार नम्बर प्लेट जडान भइरहेको छ।

**दश महिनामा ३१ अर्ब ३१ करोडका सवारीसाधन आयात**

चालु आर्थिक वर्षको प्रथम १० महिनामा रु ३१ अर्ब ३१ करोड मूल्यबराबरका सवारीसाधन तथा तिनका पार्टपुर्जा आयात भएका छन्।

गत आवको सोही अवधिको तुलनामा चालु आवको यो अवधिमा रु नौ अर्ब ६५ करोडले आयात बढेको हो।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार सवारीसाधन र पार्टपुर्जाको आयात बढेसँगै चालु आवको १० महिनामा रु २० अर्ब ५२ अर्ब राजस्व सङ्कलन भएको छ। गत आवको सोही अवधिमा रु १६ अर्ब ६४ करोड राजस्व सङ्कलन भएको थियो। चालु आवको १० महिनामा रु एक अर्ब २५ करोड बराबरका सवारीसाधनको आयातबाट रु तीन अर्ब १७ करोड राजस्व सङ्कलन भएको छ। यसैगरी, रु सात अर्ब ३२ करोड बराबरका मूल्य पर्ने ५१ हजार ४२३ वटा 'अन एसेम्बल्ड' मोटरसाइकल आयातबाट रु सात अर्ब नौ अर्ब राजस्व असुली भएको छ।

# श्रीलङ्कालाई पराजित गर्दै नेपाल साफ च्याम्पियनसिपको सेमिफाइनलमा

बुटवल। साफ महिला च्याम्पियनसिप फुटबल प्रतियोगितामा नेपालले श्रीलङ्कालाई पराजित गर्दै समूह विजेताको रुपमा सेमिफाइनलमा प्रवेश गरेको छ।

भारतको गोवास्थित पण्डित जवाहारलाल नेरु रङ्गशालामा आइतबार सम्पन्न समूह चरणको आफनो अन्तिम खेलमा नेपालले श्रीलङ्कामाथि २-० गोलको जित निकाल्यो। नेपाल समूह 'बी'को शीर्ष स्थान रह्यो।

दुई खेल खेलेको नेपालले शतप्रतिशत नतिजा निकाल्दै ६ अङ्कका साथ समूह विजेत बनेको हो। नेपालले समूहचरणको आफनो पहिलो खेलमा भुटानलाई १-० गोलअन्तरले पराजित गरेको थियो।

त्यसैगरी समूह 'बी'बाट भुटान उपविजेताको रुपमा सेमिफाइनलमा पुगेको छ। भुटानले तीन अङ्क बटुल्दै प्रतियोगिताको उपविजेता बन्दै सेमिफाइनमा पुगेको हो।

खेलमा नेपालका लागि रस्मिकुमारी घिसिङ र रेनुका नगरकोटीले समान एक/एक गोल गरे। रस्मिले खेलको पहिलो हाफमा गोल गरिन भने रेनुकाले खेलको दोस्रो हाफमा गोल थपिन।

खेलको पहिलो हाफको अतिरिक्त समयमा रस्मिले पेनाल्टी एरियाभित्र रेखा पौडेलले दिएको पासलाई सदुपयोग गर्दै गोल गरिन्। त्यस्तै खेलको ६०औं मिनेटमा रेनुकाले गोल गरिन्। उनले पेनाल्टी एरिया बाहिरबाट प्रहार गरेको बलले जाली चुमेको थियो। आजको हारसँगै श्रीलङ्का प्रतियोगिताबाट बाहिरिएको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com